REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 30.04.2025

---

राज्यपाल- माथुर

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले आफनो राजस्थान प्रवासको बेला, त्यहाँका राज्यपाल हरि भाऊ बागड़ेका साथ राजभवनमा शिष्टाचार भेट गर्नुभयो ।

यस अवधिमा दुवै राज्यहरूका सामाजिक आर्थिक विकासबारे पनि चर्चा भयो ।

बैठकको बेला पर्यटन, स्थायी कृषि पद्दतिहरू, सांस्कृतिक आदान प्रदान आदि विषयहरूमा छलफल भयो।

राज्यपाल माथुरले सिक्किम सरकारका कैयन् महत्वपूर्ण योजनाहरूबारे पनि प्रकाश पार्नुभयो । दुवै राज्यहरू बीच आपसी सहयोग बढ़ाउने एवम अंतराराजीय सांस्कृतिक कार्यक्रमहरूको संभावनाबारे पनि बैठकमा विचार गरियो ।

---

वेव्स 2025

विश्व श्रत्य दृश्य तथा मनोरंजन शिखर सम्मेलन 2025, मुम्बईको जिओ World Convention Centre मा भोलि एक मई देखि चार मई सम्म आयोजित हुन गई रहेकोछ ।

कार्यक्रममा, पूर्वोत्तर भारतको समृद्ध कलात्मक विरासत माथि पनि प्रकाश पारिनेछ । असमबाट सत्तरिया केन्द्र गुवाहाटीले सत्तरिया तृत्य, मेघालयले सूर्य देवलाई समर्पित वांगाला नृत्य आदिका साथ सिक्किमले पनि आफनो जीवन्त तामाङ सेलो र अठारौं शताब्दीमा ऐतिहासिक जरा भएको Snowlion अथति हिउँ सिंह नृत्व- सिंघी छामको प्रदर्शन गर्नेछ ।

सूचना प्रसारण मन्त्रालय संस्कृति मन्त्रालय, महाराष्ट्र सरकार तथा Youtube, Spotify र Book My Show जस्ता सहभागीहरूको सहयोगमा, वेव्स 2025 को यो सांस्कृतिक आयोजन हुनगई रहेकोछ ।

---

## सिमफेड

अंतर्राष्ट्रिय सहकारी वर्ष 2025 को उपलक्ष्यमा मासिक गतिविधइ कार्यक्रमको एक भागको रूपमा, सिक्किम राज्य सहकारी आपूर्ती तथा विपणन महासंघ लिमिटेड(SIMFED) ले, गान्तोक स्थित आफ्नो कार्यलयमा, 'सहकारीहरूका मूल्य तथा सिद्धान्तहरू' बारे एक प्रशिक्षण सत्र आयोजित गरेकोछ ।

सत्रमा प्रमुख विषयहरू जस्तै बहु- उद्देशीय सहकारी सोसाईटीहरू, (MPCS) नेतृत्ववादी गुणहरू, बचत गर्ने बानी, किसान उत्पादक संगठन (FPO) तथा संसाधन संस्थानको तवरमा SIMFED को भूमिकामा ध्यान केंद्रित गरियो ।

सिक्किमको संदर्भमा, सहकारी आन्दोलनका भविष्यमा भएका संभावनाहरूबारे पनि गहिरो छलफल भयो जसमा दीगो विकास र सामुदायिक सशक्ति करणमा सहकारीहरू द्वारा खेलिने महत्वपूर्ण भूमिकामा जोढ़ दिइएकोछ ।

राज्यमा सहकारी आन्दोलनबारे जागरूकता फैलाउनु अनि त्यसलाई दरिलो पार्ने तर्फ यो कार्यक्रम एक महत्वपूर्ण पाईला रहेको थियो ।

---

## सहकारी- क्षेत्र महिला

सिक्किम सरकारको सहकारी विभागको तत्वावधानमा सहकारी क्षेत्रमा महिलाको भूमिका सम्बन्धी विशेष सिकुनको सम्मेलन कक्षमा सम्पन्नभयो । कार्यक्रममा सिक्किम विधानसभा उपाध्यक्ष राजकुमारी थापा मुख्य अतिथिको रूपमा उपस्थित थिइन् । आफ्नो सम्वोधनमा उनले सिक्किम राज्यमा सहकारिताबारे महिलाहरूको भूमिका माथि आयोजित यस महत्वपूर्ण सेमीनारको निम्ति, आयोजक पक्षको पहलको प्रशन्सा गर्दै सेमीनारमा उपस्थित विभिन्न सहकारी संस्थाका महिला । प्रतिनिधिहरूले गरेको चर्चा परिचर्चाबाट सिक्किममा सहकारिता आन्दोलन धेरै फस्टाएर गएको महसूस गरेको मन्तव्य व्यक्त गरिन् ।

सिक्किम सरकारका मुख्यमन्त्री प्रेम सिंह तामाङ्को कुशल नेतृत्वमा वर्तमान सरकारले राज्यका महिलाहरूका निम्ति, विविध कल्याणकारी योजनाहरू र अवसरहरू उपलब्ध गराएको पनि उनले जानकारी दिइन् ।

विभिन्न गीत संगीत एवम सचेतनामूलक नाटक प्रस्तुतिका साथ संपन्न कार्यक्रममा विभिन्न सहकारी संघका महिला सदस्यहरूले आ आफ्ना अनुभव साझा गरेका थिए । कार्यक्रममा

विभिन्न पदाधिकारीहरू लगायत सरकारी समितिका पाँचजना महिला सदस्यहरूलाई सम्मान पनि जनाइएको थियो ।

---

## मुख्यमन्त्री- अक्षय तृतीया

अक्षय तृतीयाको पावन अवसरमा आज, मुख्यमन्त्री प्रेम सिंह तामाङले आफ्नी श्रीमती कृष्ण राईसित काली मंदिर गई प्रार्थना गर्नुभयो । मुख्यमन्त्रीले सिक्किम र यहाँका जनताका लागि समृद्धि, शान्ति र कल्याणका लागि प्रार्थना गर्नुभयो । अक्षय तृतीयाका दिनको आर्शीवादले सबैका लागि प्रचुरता, सौहार्द र शक्ति ल्याउनेछ, भनि उहाँले आशा गर्नुभएकोछ ।

---

## बांझोपन स्वास्थ्य शिविक- जोरथाङ

चार मई 2025 देखि जोरथाङ सामुदायिक हँलमा निशुल्क बांझोपन स्वास्थ्य शिविरको आयोजना गरिनेछ । जिल्ला प्रशासन नाम्चीले यसको आयोजना गरि रहेकोछ । यह पहलको उद्देश्य बांझोपन संबधी मामिलाहरूबारे जागरूकता सृजना गर्नु चिकित्सा परामर्श दिनु तथा बच्चा हुनमा समस्या परेका दम्पत्तिहरूलाई उपचारका विकल्पहरूबारे मार्गदर्शन उपलब्ध गराइनेछ ।

Noblestride Fertility and Diagnostics Centre, गान्तोकबाट बांझोपन तथा स्त्रीरोगकी वरिष्ठ विशेषज्ञ डां बन्दना प्रधान सुब्बाले शिविरको निरीक्षण र विशेषज्ञता युक्त चिकित्सा सल्लाह दिनेछिन् ।

---